आज मिति २०८० साल वैशाख २८ गते विहिवारको दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँकार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री राम वहादुर खड्का | |
| ५ | सदस्य | श्री गोपाल राई | |
| ६ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री नविन राई | |
| १० | सदस्य | श्री सन्तोष राई | |
| ११ | सदस्य | श्री रोशन मगर | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री सुक माया राई | |
| १४ | सदस्य | श्री शान्ति राई | |
| १५ | सदस्य | श्री सुजता प्रधान | |
| १६ | सदस्य | श्री भवानी विष्ट | |
| १७ | सदस्य | श्री मञ्जु भुजेल | |
| १८ | सदस्य | श्री गोविन्द परियार | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |
| २१ | | | |

प्रमुख प्रशासकीय अधिकृत
२०८०।१।२८

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भोजपुर

अध्यक्ष
२०८०।१।२८

**प्रस्तावहरुः**

१. आमचोक गाउँपालिकाको गरिवी वर्गीकरण स्वीकृती सम्वन्धमा

२. योजनाहरुको म्याद थप सम्वन्धमा

३. वडा नं ६ को वडा कार्यालय भवनको लागत अनुमान स्वीकृत गरी इ-टेण्डर गर्ने सम्वन्धमा

४. नागरिक उपचार कोष सहयोग अनुदान सम्वन्धमा

५. विपन्न परिवारलाई आमचोक चिया तथा कफि सहकारी संस्थाको शेयर खरीद तथा वितरण सम्वन्धमा

६. शिक्षक काज सरुवा सम्वन्धमा

७. करार सेवामा कार्यालय सहयोगी पदपूर्ती सम्वन्धमा

८. फलफुलको विरुवाहरु वितरण सम्वन्धमा

९. विशेष छात्रवृत्ति कार्यक्रम सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं.१ माथि छलफल भई आमचोक गाउँपालिकाको १० वटै वडाहरुवाट सिफारिस भइ आएका घरपरिवारहरुको गरिवी वर्गीकरणरण स्वीकृत गर्ने ।

**निर्णय नं. २**

प्रस्ताव नं.२ माथि छलफल भई तपशिल वमोजिमको योजनाहरुको सम्पन्न हुन नसक्ने कारण सहित म्याद थपको आवेदन प्राप्त भएकोले तपशिल वमोजिम म्याद थप गर्ने ।

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | कार्य सम्पन्न हुन नसक्ने कारण | म्याद थप गरिएको समय |
|---|---|---|---|---|
| १ | यु.हात्तिपाईले खोला सडक मर्मत आमचोक-२ | २०७९/१२/३० | स्काभेटर मेसिन समयमा उपलब्ध हुन नसकेको | २०८०/२/३२ |
| २ | जाल्पा प्रा. वि.गेट तथा झ्याल ढोका निर्माण आमचोक-२ | २०७९/१२/२९ | सामुदायिक बन बाट काठ निकासि ढिलो भएको | २०८०/२/३२ |
| ३ | जिमिश्वरी प्रा.वि. टिन खरिद तथा मर्मत आमचोक-५ | २०७९/१२/३० | सामुदायिक बन बाट काठ निकासि ढिलो भएको | २०८०/२/३२ |
| ४ | पावाला खालिङग् भन्ज्याङग् वाराङ्गखोला खुम्तिङग् पाङ्चा सडक आमचोक-५ | २०७९/१२/३० | स्काभेटर मेसिन उपलब्ध हुन नसकेको | २०८०/२/३२ |
| ५ | पावाला छोटे कृषि सडक निर्माण आमचोक-५ | २०७९/१२/१५ | स्काभेटर मेसिन उपलब्ध हुन नसकेको | २०८०/२/३२ |
| ६ | पावाला जिमिथानी कृषि सडक निर्माण आमचोक-५ | २०७९/१२/३० | स्काभेटर मेसिन उपलब्ध हुन नसकेको | २०८०/२/३२ |
| ७ | सोकोराङ टाङटुङ कृषि सडक सर्भे तथा निर्माण आमचोक-५ | २०७९/१२/३० | स्काभेटर मेसिन उपलब्ध हुन नसकेको | २०८०/२/३२ |
| ८ | जिमिथानी मन्दिर प्रतिक्षालय निर्माण आमचोक-५ | २०७९/१२/१५ | सामुदायिक बन बाट काठ निकासी ढिलो भएको | २०८०/२/३२ |
| ९ | पञ्चवती प्रा. वि.गेट निर्माण तथा रंग रोगन आमचोक-२ | २०७९/१२/२९ | दक्ष मिस्त्रि तत्काल उपलब्ध नभएको | २०८०/२/३२ |
| १० | दिसंला बेनाहाङ्ग चिम्पुताङ्ग सडक निर्माण आमचोक-६ | २०७९/१२/३० | काम गर्दा गर्दै स्काभेटर मेसिन बिग्रिएको | २०८०/२/३२ |
| ११ | वान्थेलुङ्ग सडक सर्भे निर्माण आमचोक-६ | २०७९/१२/३० | समयमा स्काभेटर मेसिन उपलब्ध नभएको | २०८०/२/३२ |
| १२ | श्री रक्तमाला प्रा.वी.भवन मर्मत आमचोक-७ | २०७९/१२/३० | सामुदायिक बन बाट काठ निकासी ढिलो भएको | २०८०/२/३२ |
| १२ | भुरेखोला सिचाँई योजना देवान्टार आमचोक-६ | २०७९/१२/३० | निर्माण कार्यमा लाग्ने पाईपको साईज तत्काल उपलब्ध नभएको | २०८०/२/३२ |
| १४ | गैया अवतारी प्रतिक्षालय निर्माण आमचोक-६ | २०७९/१२/३० | सामुदायिक बन बाट काठ निकासी | २०८०/२/३२ |

प्रमुख प्रशासकीय अधिकृत 2080/1/28

अशोक राई अध्यक्ष 2080/1/28

| क्र.सं. | योजनाको नाम र ठेगाना | म्याद समाप्त भएको मिति | कार्य सम्पन्न हुन नसक्ने कारण | म्याद थप गरिएको समय |
|---|---|---|---|---|
| | | | ढिलो भएको | |
| १५ | वाप्खा छुखा सडक सर्भे तथा निर्माण आमचोक-३ | २०८०/०१/३० | काम गर्दा गर्दै स्काभेटर मेसिनको बकेट भाँचिएको | २०८०/२/३२ |
| १६ | धेवाचन सामुदायिक भवन निर्माण आमचोक-४ | २०७९/११/२९ | सामुदायिक बन बाट काठ निकासी ढिलो भएको | २०८०/२/३२ |
| १७ | बालंखा कार्कीगाउँ फुईन्ताङ्ग रागातुङ्ग बुवाखोला चण्डिथान सडक आमचोक-४ | २०७९/१२/२५ | आवश्यकता अनुसारको ग्याविन जालिको साईज तत्काल उपलब्ध नभएको | २०८०/२/३२ |
| १८ | मंगलादेवि आ वी ग्याविन जाली आमचोक- ६ | २०७९/१२/३० | आवश्यकता अनुसारको ग्याविन जालिको साईज तत्काल उपलब्ध नभएको | २०८०/२/३२ |

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल भई वडा कार्यालय भवन निर्माण आमचोक-६ (वहुवर्षे) को जम्मा लागत रु. ९०७०९५०।६३ ९०७०९५०।६३ (अक्षेरुपी नब्बेलाख सत्तरीहजार नौसय पचास रुपैया जेरो त्रिसठ्ठी पैसा मात्र) स्वीकृत गरी " वडा कार्यालय भवन निर्माण आमचोक-६ (वहुवर्षे) " को लागि इ-टेण्डर गर्ने ।

| कार्यको नाम | जम्मा लागत रु. |
|---|---|
| क. सिभिल कार्य | ७५८४४५०।६० |
| ख. मु.अ.क (क को १३%) | ९८५९७८।५८ |
| ग. मु.अ.क सहित (क+ख) | ८५७०४२९।१७ |
| घ. कन्टिन्जेन्सी(ग को ३%) | २५७११२।८७ |
| ङ. मर्मत संभार कोष(ग को २%) | १७१४०८।५८ |
| च. जम्मा खर्च रकम (Includin provisional Sum) (ग+घ+ङ+PS) | ९०७०९५०।६३ |

**निर्णय नं. ४**

प्रस्ताव नं.४ माथि छलफल भई आमचोक गाउँपालिकाको नागरिक उपचार कोष सञ्चालन कार्यविधी-२०७९ को को दफा ९ को उपदफा(१) वमोजिम पालिकास्तरीय सिफारिस समितिवाट उपदफा ३ (ख) अनुसार दफा ४ वमोजिमको उपचार कोष प्राप्त गर्ने व्यक्तिलाई आवश्यक कागजात सहित सिफारिस भई आएकोले कार्यविधिकको दफा ६ को उपदफा (३) बमोजिम तपशिल वमोजिम नेपाल सरकार वित्तिय समानीकरण अनुदानको गाउँसभाले विनियोजित नागरिक उपचार कोषवाट उपचार खर्च रु.१०००००। (अक्षेरुपी एकलाख मात्र) का दरले उपलव्ध गराउने ।

| क्र .सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरिक्ता/जन्म दर्ता प्र प नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएकोउपचाररत रहेको/ अस्पताल |
|---|---|---|---|---|---|
| १ | प्रमिला बिष्ट | आमचोक-४,भोजपुर | ना प्र प नं. ०९३०६०-१४९ भोजपुर | Brain tumour ,मस्तिष्कको शल्यकृया भएको | न्युरोकार्डियो हस्पिटल सिलिगढी |
| २ | आरेस राई | आमचोक-८,भोजपुर | जन्म दर्ता प्र प नं १००२०५/आमचोक-८ | HART SURGERY | SAHID GANGALAL NATIONAL HEART CENTRE |
| ३ | शेर बहादुर राई | आमचोक-२,भोजपुर | ना प्र नं. ९९२/३-४९२ | CANCER | B.P. Koirala memorial cancer hospital , Bharathpur |

प्रमुख प्रशासकीय अधिकृत २०८०/१/२८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालंखा, भोजपुर

अशोक राई अध्यक्ष २०८०/१/२८

| क्र .सं. | सिफारीस गरीएको बिरामिको नाम | ठेगाना | नागरिक्ता/जन्म दर्ता प्र प नं. | रोगको नाम | रोग पत्ता लागि उपचार भएकोउपचाररत रहेको/ अस्पताल |
|---|---|---|---|---|---|
| ४ | आयुषा राई | आमचोक-६,भोजपुर | जन्म दर्ता प्र प नं. १३६/आमचोक-६ | Cancer | B.P. Koirala memorial cancer hospital ,Bharathpur |
| ५ | चरी माया राई | आमचोक-५,भोजपुर | ना प्र प नं. ४७३०/११५१ | Cancer | Nepal Cancer Hospital ,Lalitpur |

**निर्णय नं. ५**
प्रस्ताव नं.५ माथि छलफल भई आमचोक गाउँपालिकाको विपन्न परिवारलाई शेयर खरीद तथा वितरण सम्वन्धी मापदण्ड -२०७८ को दफा ४ को उपदफा(१) को अनुसूचि १ वमोजिम आमचोक चिया तथा कफि सहकारी संस्थाको शेयर खरीद तथा वितरणको लागि दफा ७ को उपदफा (४) वमोजिमको अति गरिव वर्गहरुको छनौटको लागि ११ दिनको सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ६**
प्रस्ताव नं.६ माथि छलफल भई गाउँशिक्षा समितिको सिफारिस वमोजिम आमचोक गाउँपालिका वडा नं.१० को श्री वालकल्याण आधारभूत विद्यालय कार्कीछापमा शिक्षक दरवन्दी संख्या ३ जना रहेको र विद्यार्थी संख्या न्यून रहेकोले विद्यालयमा कार्यरत शिक्षक श्री संजिव कुमार साहलाई वडा नं.१० मा रहेको श्री दुधकोशी आधारभूत विद्यालय सेतो गरगरेमा विद्यार्थी संख्या धैरे रहेकोले अर्को व्यवस्था नभए सम्मको लागि काज सरुवा गर्ने ।

**निर्णय नं. ७**
प्रस्ताव नं.७ माथि छलफल भई आमचोक वडा नं.१० मा कार्यरत कार्यालय सहयोगी कविता राईले २०८० जेष्ठ १ गतेदेखि लागु हुने गरी स्वच्छिक राजिनामा पेश गरेकोले राजिनामा स्वीकृत गरी रिक्त कार्यालय सहयोगीको करार सेवामा पदपूर्ती गर्ने ।

**निर्णय नं. ८**
प्रस्ताव नं.८ माथि छलफल भई घारे सामुदायिक कृषि फर्ममा उत्पादन भएको एभोकाडो, ड्राईगनफ्रुट र कागतीको विरुवाहरु ५० प्रतिशत अनुदानमा आमचोक क्षेत्रभित्रका कृषकहरुलाई वितरण गर्ने । सोको लागि कृषि शाखावाट सूचना प्रकाशन गर्ने ।

**निर्णय नं. ९**
प्रस्ताव नं.८ माथि छलफल भई आमचोक गाउँपालिकाको नीति कार्यक्रम र वजेटको आधारमा भोजपुर वहुमुखि क्याम्पसमा अध्यायनरत छात्र छात्राहरुलाई नेपाल सरकार वित्तिय समानीकरण अनुदान शिर्षकको २०७९/८० को विशेष छात्रवृत्ति कार्यक्रम अन्तर्गत एड्मिसन शुल्क , मासिक शुल्क र अन्य शुल्कको सोध भर्नाको लागि सूचना प्रकाश गरि आवेदन माग गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत
२०८०/१/२८

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बालुवा, भोजपुर

२०८०/१/२८
अशोक राई
अध्यक्ष